अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०३/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	रमेश प्रसाद पोखरेल, मनिक मान महर्जन, राम बहादुर बुढा, शिरीष उपाध्याय,मित्र लाल गुरौ,विकल पौडेल, नविन कुमार पोखरेल, रोहित मान प्रधान र भुवन महर्जन मु.नं(०७९-CR-०१२४)फैसला मिति २०८१/०२/८	सुरक्षण मुद्रणको लागि आवश्यक विद्युतीय पूर्वाधार खरिदमा गरिएको भ्रष्टाचार।	• **प्रतिवादीहरु विकल पौडेल, नविन कुमार पोखरेल, रमेश प्रसाद पोखरेल, मनिक मान महर्जन, राम बहादुर बुढा र शिरीष उपाध्यायको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफाट को उपदफा (१) को खण्ड (क), (ख),(ङ) र (च) को कसूरमायी प्रतिवादी मध्येका विकल पौडेलको हकमा रू. ६९,०८,८१,८५४/७०, नविन कुमार पोखरेलको हकमा विगो रू ४९,४६,३५,९४५/७०, रमेश पोखरेलको हकमारु २०,३८,९३,८२७/६३ मनिक मान महर्जनको हकमा ३,४४,६८,७२९/-राम बहादुर बुढाको हकमा १९,८८,९४,२८९/३२ र शिरीष उपाध्यायको हकमा ४०,०१,३९,७३६/विगो कायम गरी सोही ऐनकोदफा ८ को उपदफा (१) बमोजिम कैद, बिगो बमोजिम जरिबाना र बिगो असुल हुन मागदावी लिइएको । • **प्रतिवादी मित्र लाल गुरौ, रोहित मान प्रधान र भुवन महर्जनको हकमाः-** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा रोहित मान प्रधानको हकमा विगो रु.२३,४४,९६,९२१/३२ प्रतिवादी भुवन महर्जनको हकमा विगो रु.४३,५७,४२,३६८/- र मित्रलाल गुरौ को हकमा रू ८,६९,०९७/३८ विगो कायम	• **कसूर ठहर भएका प्रतिवादीहरुको हकमाः-** • **प्रतिवादी विकल पौडेलको हकमा हेर्दा,** यी प्रतिवादी सुरक्षण मुद्रण केन्द्रको प्रमुख (कार्यकारी निर्देशक) रही निर्णायक भूमिकामा रहेको तथा उपर्युक्त खरिद कार्य गर्न गराउनको लागि निज प्रतिवादीले आफू मातहतका कर्मचारीलाई टिप्पणी तथा राय पेस गर्न लगाई टिप्पणी स्वीकृत गरी आफूले नै सम्झौता गरेको र सम्झौता विपरीतका सामानहरु स्वीकार गरी भुक्तानी दिने कार्य गरेको देखिंदा निज प्रतिवादीलाई आरोप दावीको कसूरमा दुई वर्ष कैद र दामासाहीले हुन आउने विगो रु.२५,४७,०१,०६८/०७ जरिबाना हुने ठहर्छ । साथै उक्त बिगो बराबरको रकम रु.२५,४७,०१,०६८/०७ निज प्रतिवादीबाट असुल उपर हुने ठहर्छ। • **प्रतिवादी नविन कुमार पोखरेलको हकमा हेर्दा,** निज प्रतिवादी नवीन कुमार पोखरेलले गुणस्तरहीन Transformer लाई सम्झौतामा उल्लेख भए अनुरुपको सामान पाइएको भनी गलत विवरण उल्लेख गरी प्रतिवेदन दिएको, त्यस्तै सम्झौतामा उल्लिखित country of origin बाट नल्याइएको Gensetलाई सम्झौता र specification बमोजिम रहेको भनी प्रतिवेदन तथा Detail Post Inspection Report (DPIR) दिएको, सम्झौता बमोजिम जडित equipment को मर्मत कार्य नै नगरिएको अवस्थामा सो कार्य भए	• **<u>मुद्दाको संक्षिप्त तथ्यः</u>**- सुरक्षण मुद्रण केन्द्रले Power System in Security Printing Press and Pressurized Fuel Storage Tank को खरिद कार्यमा बदनियतपूर्वक ठेकेदारसँग मिलोमतो गरी आर्थिक चलखेल भइ ठूलो मात्रामा कमिसन लिएर ठेक्का प्राप्त गरी कार्य गरेको हुँदा बोलपत्र ठेक्का सम्झौता तथा भुक्तानी प्रकरणमा सहभागी सबै उपर छानविन गरी कारवाही गरिपाउँ भन्ने समेत वेहोराको उजुरी (दर्ता नं. ०१८१९१, मिति २०७९।०६।१२) उपर अनुसन्धान हुँदा, सुरक्षण मुद्रण केन्द्रले आ.व. ०७५/७६ र ०७६/७७ मा संझौता गरेको दुइ थान ठेक्काहरूमध्ये पहिलो ठेक्का न. SPC/G/NCB-७-०७५/७६ को स्वीकृत लागत अनुमान रु ४९,९८,३५,७७५/८७ (अक्षरूपी उनन्चास करोड अन्ठान्नबे लाख पैतिस हजार सात सय पचहत्तर पैसा सतासि) भएकोमा ठेक्का रकम रू ४८,७०,६१,९७४/४८ (अक्षरूपी अठचालिस करोड,सत्तरी लाख, एकसट्टी हजार, नौ सय चौहत्तर पैसा अठचालिस) भुक्तानी रकम रू. ४८,७०,६१,९७३/-बाट ४ वटा १००० के.भि.ए. को जेनेरेटर, ४ एम.भि.ए.को ट्रान्सफरमर समेत गरि जडान गरेको, दोस्रो ठेक्का न. SPC/G/NCB/०७६-७७/०७ को स्वीकृत लागत अनुमान रु २०,५०,४६,४१०/०० (अक्षरूपी विस करोड पचास लाख छयालिस हजार चार सय दस) भएकोमा ठेक्का रकम रु. २०,२०,०२,४२३/९१ (अक्षरूपी विस करोड विस लाख दुई हजार चार सय तेइस पैसा एकान्बे) भुक्तानी रकम रू.१९,६२,४५,९०९/-वाट ६ वटा ५०,००० (पचास हजार) लिटर क्षमताको डिजेल ट्यांकी, पम्प लगायत सिभिल कार्य गर्ने रहेकोमा उक्त दुबै ठेक्काहरूमा अस्वभाविक लागत अनुमान तयार गरेको, गुणस्तरहीन ट्रान्सफर्मर खरिद/आपूर्ति, सम्झौताको शर्त विपरित अन्य मुलुकको सामान स्वीकार गरेको, कामै नगरी काम भए सरह भुक्तानी गर्ने कार्य गरेको र वास्तविक रुपमा आवश्यक नभएको र औचित्य पुष्टि नहुने समान खरिद गरेको देखिई उक्त खरिद कार्यमा भ्रष्टाचारजन्य कार्य भएको पुष्टि हुन आई उक्त कसूरजन्य कार्यमा संलग्न प्रतिवादीहरू सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेल, तत्कालिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सुरक्षण मुद्रण केन्द्रमा प्रतिनिधि भइ कार्यरत रहेका सी.डी.ई. नविन कुमार पोखरेल, तत्कालिन राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट सुरक्षण मुद्रण केन्द्रमा प्रतिनिधि भइ कार्यरत सहायक निर्देशक रमेश प्रसाद पोखरेल, तत्कालिन सुरक्षण मुद्रण केन्द्रमा शाखा अधिकृत पदमा कार्यरत मनिक मान महर्जन, लेखा अधिकृत पदमा कार्यरत राम बहादुर बुढा, शाखा अधिकृत पदमा कार्यरत शिरीष उपाध्याय, इन्जिनियरिङ्ग मार्केटिंग कन्सर्न प्रा.लि.का प्रबन्ध निर्देशक रोहित मान प्रधान, मेपटेक बिल्डिंग सर्भिसेस प्रा.लि.का निर्देशक भुवन महर्जन र वास्तुशिल्प एसोसिएट्सका प्रबन्ध निर्देशक मित्र लाल गुरौ उपर विशेष अदालत समक्ष मुद्दा दायर भएको । • **<u>विशेष अदालतबाट भएको उक्त फैसला देहायको आधार र कारणबाट बदरभागी रहेको छः-</u>** • **प्रतिवादी मध्येका विकल पौडेल, नविन कुमार पोखरेल, रोहित मान प्रधान र भुवन महर्जनको हकमाः-** यी प्रतिवादीहरु उपरको आरोपित कसूर ठहर भई फैसला भएकोले सो तर्फ थप विवेचना गर्नु परेन । यी प्रतिवादीहरुलाई आरोपदावी भन्दा कम विगो कायम गरेको तर्फ हेर्दा, प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम स्थानीय बजारमा प्रचलित दरभाउ तथा निर्माता/उत्पादनकर्ताको Factory Rate मा अन्य खर्च जोडी तयार हुने लागत बिधिवाट दररेट संकलन नगरी पहिलो ठेक्कामा रु. २०,३८,९३,८२७/३२- र दोश्रो ठेक्कामा आपूर्तिकर्ताको जम्मा खर्च र बढी दररेट प्रयोग गरे वापत रु ५,५३,७६,१००/- बढी र सोही दोस्रो ठेक्कामा माटो खन्ने कार्यमा दर विश्लेषणमा मेसिनबाट माटो खन्ने कार्यको लागि काभ्रेपलान्चोक जिल्लाको दर रेट रु. १२३/३० प्रति घ.मि.को प्रयोग नगरी काठमाण्डौ जिल्लाको म्यानुअली खन्ने गरी तय भएको रु ६६३/३२ प्रति घ.मि.को गलत दररेट प्रयोग गरी रू. ८,६९,०९७/३८ बढी रकम समेतको गरी अस्वाभाविक रुपमा दुबै ठेक्कामा बढीको लागत अनुमान तयार गरी स्वीकृत गरेबाट

			गरी सोही दफा ८ (४)बमोजिम सजाय हुन र निज प्रतिवादीहरुबाट विगो असुल उपर हुन माग दावी लिइएको देखिन्छ।	गरेको भनी सदे बिलको रुपमा पेस भएको भनी झुट्टा बिल भुक्तानीको लागि पेस गरेको र निज प्रतिवादीको उल्लिखित भ्रष्टाचारजन्य कार्यमा प्रतिवादी विकल पौडेलसँग मिलेमतो र संलग्नता भएको देखिन आएकोले निज प्रतिवादीलाई आरोप दावीको कसूरमा ६ महिना कैद र दामासाहीले हुन आउने बिगो बराबर रु.५,८४,५५,१५९।०७ जरिबाना हुने ठहर्छ। साथै उक्त बिगो बराबरको रकम रु.५,८४,५५,१५९।०७ निज प्रतिवादीबाट असुल उपर हुने ठहर्छ। • **प्रतिवादीहरु रोहितमान प्रधान र भुवन महर्जनको हकमा हेर्दा,** इन्जिनियरिङ्ग मार्केटिङ्ग कन्सर्न प्रा.लि.का प्रबन्ध निर्देशक रोहितमान प्रधानले सम्झौता विपरित कम गुणस्तरको ट्रान्सफर्मर र तोकिएको मुलुकभन्दा फरक मुलुकमा बनेको जेनरेटर सेट आपूर्ति गरी भुक्तानी लिएको देखिएकोले आरोप दावीको कसूरमा दामासाहीले बिगो रु.५,८४,५५,१५९/०७ जरिबाना हुने ठहर्छ। प्रतिवादी भुवन महर्जनले परामर्शदाताको रुपमा कार्य गरी गुणस्तरहीन ट्रान्सफर्मर आपुर्ति भएको देखिंदा देखिंदै चेक जाँच गरिकन पनि सम्झौता र specification बमोजिमकै रहेको भनी गलत प्रतिवेदन दिएको र जेनरेटर सेट सम्झौताको specification बमोजिम नै रहेको भनी गलत प्रतिवेदन दिएको देखिंदा निज प्रतिवादीलाई आरोपित कसूरमा बिगो दामासाही बराबर रु.५,७९,६२,१३५/२५ जरिबाना हुने ठहर्छ। साथै उक्त विगो निज प्रतिवादीहरुबाट जफत हुने हुँदा	जम्मा रू २६,०१,३९,०२४/३८ सरकारी सम्पत्तीको हानी नोक्सानी भएको पुष्टि भएको, Transformer समेतको खरिदमा सम्झौतामा तोकिएको सिमा भन्दा बढी र तोकिएको मापदण्ड भन्दा पनि बढी लस (Loss) हुने प्रकृतिको Transformer स्वीकार गरी रू३,४४,६८,७२९/-मा गुणस्तरहिन Transformer खरिद गरेको, संझौताको शर्तमा किटानी तवरमा उल्लेख गरिएको Country of Origin बमोजिमको जेनेरेटर उपलब्ध नगराई/नलिई सम्झौतामा उल्लेख गरिएको शर्त विपरित हुने गरी अन्य मुलुकबाट खरिद गरी रू १९,७३,७९,८१२/- हानी नोक्सानी पुर्याएको, मेशिन औजार चलाउने तालिम दिए पछि मात्र रकम भुक्तानी हुनु पर्ने र ५ वर्षको वारेन्टी (Warranty) अवधिमा मर्मत संभार गरे वापत सम्झौता बमोजिम भुक्तानी हुनु पर्नेमा संझौताको शर्त विपरित कामै नगरी Installation हुने वितिकै एकमुष्ट रकम अग्रिम भुक्तानी दिई भ्याट समेत रु २६,४८,३८०/३२ समेतको बढी भुक्तानी गरेको देखिएको, Bulk Fuel Storage Tank System को स्थापना गर्नुको आवश्यकता र औचित्य पुष्टी नहुने मनासिव कारण विना आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा रु १९,६२,४५,९०९/- को बढी सामान खरिद गर्ने गराउने कार्य समेत गरी उक्त दुबै ठेक्कामा गरी कूल जम्मा विगो रू. ६९,०८,८१,८५४/७०(अक्षरूपी उनान्सत्तरी करोड, आठ लाख, एकासि हजार, आठ सय चौवन्न पैसा सत्तरी) नेपाल सरकारलाई हानी नोक्सानी भएको मिसिल संलग्न प्रमाणबाट पुष्टी भएको छ। अतः उक्त कुल विगो मध्येमा यी प्रतिवादी मध्येका विकल पौडेलको उक्त विगो मध्येमा रू. ६९,०८,८१,८५४/७०, प्रतिवादी नविन कुमार पोखरेलको विगो रू ४९,४६,३५,९४५/७०, प्रतिवादी रोहित मान प्रधानको विगो रु.२३,४४,९६,९२१/३२ र प्रतिवादी भुवन महर्जनको विगो रु.४३,५७,४२,३६८/- विगो हानो नोक्सानीमा संलग्नता रहेको पुष्टि हुन आई सोही बमोजिमको विगो कायम गरी यी प्रतिवादीहरु विकल पौडेल, नविन कुमार पोखरेल, रोहित मान प्रधान र भुवन महर्जनलाई सजाय हुन माग दावी लिई आरोप पत्र दायर भएकोमा बिना आधार आरोप दावी विपरित कम विगो कायम गरेको यी प्रतिवादीहरुको हकमा सो हद सम्मको फैसला मिसिल संलग्न प्रमाण, कानूनको प्रयोग र व्याख्याको रोहमा त्रुटिपूर्ण भई वदरभागी छ। • **प्रतिवादी रमेश प्रसाद पोखरेलको हकमाः** तत्कालिन सुरक्षण मुद्रण केन्द्रमा सहायक निर्देशक पदमा कार्यरत रमेश प्रसाद पोखरेलले मिति २०७५/०५/३१ को बैठकबाट माईन्युट बमोजिम तीनवटा कोटेशन प्राप्त भएकोले Cost estimate तयार गर्न निर्णय गर्ने र मिति २०७५/०६/०१ गतेको बैठकबाट माईन्युट तथा तुलनात्मक तालिकामा आधारित लागत अनुमान तालिकामा समेत हस्ताक्षर गरी रु.४९,९८,३५७७५/८७ (अक्षरूपी उनन्चास करोड,अन्ठान्नबे लाख, पैतिस हजार,सात सय पचहत्तर पैसा सतासि) को लागत अनुमान तयार गरी पुष्ट्याईको आधारविना नै अस्वाभाविक रु २०,३८,९३,८२७/६३ (अक्षरूपी विस करोड, अडतिस लाख, त्रियानब्बे हजार,आठ सय सत्ताइस पैसा त्रिसठी) बढीको लागत अनुमान तयार गरी स्वीकृत गर्दा सहभागि भई आरोपित कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • **प्रतिवादी मनिकमान महर्जनको हकमाः** तत्कालिन सुरक्षण मुद्रण केन्द्रमा शाखा अधिकृत पदमा कार्यरत रहेका यी प्रतिवादी मनिकमान महर्जनले संझौता तथा नेपाल बिद्युत प्राधिकरणको प्रावधान बमोजिम Transformer Test गरी उपयुक्त भएमा मात्र स्वीकार गर्ने प्रावधान रहँदा रहँदै सो अनुसार गुणस्तर परीक्षण प्रतिवेदन नै प्राप्त नगरी स्टोर दाखिला गरी Transformer मा सम्झौतामा तोकिएको सिमा भन्दा बढीको लस (Loss) हुने प्रकृतिको Transformer खरिद प्रक्रिया स्वीकार गरी नेपाल सरकारको बढि व्यय भार बढ्ने गरी कमसल ट्रान्सफरमर खरिद गर्दा भएको खर्च रू ३,४४,६८,७२९/-(अक्षरूपी तिन करोड, चौवालिस लाख, अडसठी हजार, सात सय उनन्तिस) सरकारी सम्पत्तिको हानी नोक्सानी गराई आरोपित कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • **प्रतिवादी राम बहादुर बुढाको हकमाः** तत्कालिन सुरक्षण मुद्रण केन्द्रमा लेखा अधिकृत पदमा कार्यरत रहेका यी प्रतिवादी राम बहादुर बुढाले प्रस्तुत वारदातको पहिलो ठेक्कामा मेशिन औजारको तालिम दिए पछि मात्र सो

				असुल उपर हुने ठहर्छ। • **प्रतिवादी रमेशप्रसाद पोखेल, मनिकमान महर्जन, राम बहादुर बुढा र शिरीष उपाध्यायको हकमा हेर्दा,** यी प्रतिवादीहरुले यस अदालतमा तथा अनुसन्धानको क्रममा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको देखिएको, यी प्रतिवादीहरुले सुरक्षण मुद्रण केन्द्रका कर्मचारीको पदिय हैसियतमा कार्य गरेको देखिएको र वदनियत राखी काम गरेको, मिलेमतो गरेको वा लाभ प्राप्त गरेको भन्ने समेत प्रमाणबाट पुष्टि हुन नआएकोले यी प्रतिवादीरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। • **प्रतिवादी मित्र लाल गुरौको हकमा हेर्दा,** यी प्रतिवादी प्रस्तुत ठेक्कामा परामर्शदाताको रुपमा कार्य गरेको देखिएको, अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कारी रही बयान गरेको, यी प्रतिवादीले लागत अनुमानमा परामर्श प्रदान गरेको देखिएको तथा यी प्रतिवादीले वदनियत राखी काम गरेको, मिलेमतो गरेको वा लाभ प्राप्त गरेको भन्ने समेत प्रमाणबाट पुष्टि हुन नआएकोले निजले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ ।	आइटम वापतको रकम भुक्तानि हुनु पर्ने र ५ वर्षको वारेन्टी अवधिमा मर्मत संभार अवधी सम्ममा कार्य सम्पादन वापत सम्झौता बमोजिम भुक्तानी हुनु पर्नेमा संझौताको शर्त विपरित कामै नगरी ठेक्का अन्तर्गतका मेशिन औजारहरू Installation हुने वितिकै एकमुष्ट रकम अग्रिम भुक्तानी गरेको देखिएको तथा Bulk Fuel Tank System को स्थापना गर्नुको आवश्यकता र औचित्य पुष्टी नहुने कार्य गरेको देखिई यी प्रतिवादीले जम्मा विगो रू १९,८८,९४,२८९/३२ (अक्षरूपी उन्नाइस करोड, अठासी लाख, चौरानब्बे हजार, दुई सय उनान्वे पैसा बत्तिस) हानी नोक्सानीमा संलग्नता पुष्टि भएकोमा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • **प्रतिवादी शिरीष उपाध्यायको हकमाः** तत्कालिन सुरक्षण मुद्रण केन्द्रमा शाखा अधिकृत पदमा कार्यरत रहेका यी प्रतिवादी शिरीष उपाध्यायले मिति २०७५/०५/३१ को बैठकवाट माईन्युट वमोजिम तीनवटा कोटेशन प्राप्त भएकोले Cost estimate तयार गर्न निर्णय गर्ने र मिति २०७५/०६/०१ गतेको बैठकवाट माइन्युट तथा तुलनात्मक तालिकामा आधारित लागत अनुमान तालिकामा समेत हस्ताक्षर गरी बढीको लागत अनुमान तयार गरी स्वीकृत गर्न कार्यकारी निर्देशक समक्ष पेश गरेको , Bulk Fuel Tank System को स्थापना गर्नुको आवश्यकता र औचित्य पुष्टी नहुने कार्य समेत गरेको देखिएकोले जम्मा वीगो रू ४०,०१,३९,७३६/-(अक्षरूपी चालिस करोड, एक लाख, उनन्चालिस हजार, सात सय छत्तिस) हानी नोक्सानीमा संलग्नता पुष्टि भएकोमा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • **प्रतिवादी मित्र लाल गुरौको हकमाः** वास्तुशिल्प एसोसिएट्सका प्रबन्ध निर्देशक यी प्रतिवादी मित्र लाल गुरौले प्रस्तुत वारदातको दोश्रो ठेक्का नं.: SPC/G/NCB/०७६-७७/०७ (Underground Fuel Storage Tank) को लागि परामर्शदाताको हैसियतले कार्य गर्दा Civil Work को लागि पेश गरेको Drawing, Design , Estimate Report and Rate Analysis गर्न काभ्रेपलान्चोक जिल्लाको पनौतीमा रहेको निर्माण स्थलमा माटो खन्ने कार्यमा दर विश्लेषणमा मेसिनबाट माटो खन्ने कार्यको लागि काभ्रेपलान्चोक जिल्लाको दर रेट रु. १२३/३० प्रति घ.मि.को प्रयोग नगरी काठमाण्डौ जिल्लाको म्यानुअली खन्न रु ६६३/३२ प्रति घ.मि.को गलत दररेट प्रयोग गरेबाट २३ मि.x १६.७ मि.x ४.१९मि. अर्थात १६०९.३८ घ.मि.को माटो खन्नको लागि म्यानुअली (ज्यामीवाट) दररेट प्रयोग गरिदा हुन आउने फरक दररेटको आधारमा रू ८,६९,०९७/३८ (अक्षरूपी आठ लाख, उनान्सत्तरी हजार,सन्तानब्बे पैसा अडतिस) बढीको लागत अनुमान तयार गरी आफूलाई र सुरक्षण मुद्रण केन्द्रबाट संलग्न आरोपित पदाधिकारीहरूलाई फाइदा पुग्ने भ्रष्टाचार जन्य कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ। • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टि भएकोमा यी प्रतिवादीहरु मध्येका रमेश प्रसाद पोखरेल, मनिक मान महर्जन, राम वहादुर बुढा, शिरीष उपाध्याय र मित्र लाल गुरौलाई सफाई दिने ठहर गरी र कसूर ठहर भएका प्रतिवादी मध्येका विकल पौडेल, नविन कुमार पोखरेल, रोहित मान प्रधान र भुवन महर्जनको हकमा कम विगो कायम गरेको हद सम्म प्रस्तुत फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला उपर पुनरावेदन गर्ने।